नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ | अंक २४६ | २०८० साल बैशाख २१ गते बिहीबार (4 May 2023 Thursday) | मूल्य रु. ५/-

**Log in :** *rajbirajdainik.com.np*

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

*यस अंक भित्र :* २ पृष्ठमा : मिडियाको समृद्धिका लागि सार्थक.. ३ पृष्ठमा : अभिव्यक्ति स्वतन्त्रता संरक्षणमा ... ३ पृष्ठमा ज़ेल परेका इरानी महिला...

# वन अतिक्रमित क्षेत्र खाली गराउन र डढेलो नियन्त्रणका लागि चार बुँदे निर्णय



**दैनिक समाचारदाता**
**राजविराज, २० बैशाख ।**

डिभिजन वन कार्यालय सप्तरीको आयोजनामा सरोकारवाला कार्यालय तथा सुरक्षा निकायका प्रमुख समेतको सहभागितामा बसेको बैठकले वन क्षेत्रलाई जोगाउन र डढेलो नियन्त्रणका लागि चार बुँदे निर्णय गरेको छ ।

डिभिजन वन कार्यालयका प्रमुख हेमन्त प्रसाद साहका अनुसार बैठकले वन क्षेत्रको अतिक्रमण हटाई बृक्षारोपन क्षेत्रको बिस्तार र व्यवस्थापन, वन डढेलो नियन्त्रण, सचेतना लगायतका चार बुंदे कार्यक्रम प्रभावकारी ढंगले अघि बढाउने निर्णय भएको जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी भुपेन्द्र थापाको अध्यक्षतामा बसेको बैठकले सुरुङ्गा नगरपालिका २ स्थित भलुवाई सामुदायिक वनको ब्लक नं. १ भित्र स्थानिय उपभोक्ता समूहले खेतीपाती गर्दै आइरहेकोमा उक्त क्षेत्रमा नापी कार्यालयबाट प्राविधिक टोली परिचालन गरि वन क्षेत्रको जग्गा छुट्याउने र तारबारले घेरबार गरि बृक्षारोपण कार्य बिस्तार गर्ने निर्णय गरेको छ ।

यस्तै वन क्षेत्रको नयाँ अतिक्रमण कार्यलाई पूर्णरुपमा नियन्त्रणमा लिनुका साथै वन क्षेत्रभित्र हुन सक्ने डढेलो नियन्त्रणका लागि वन कार्यालयको संयोजनमा सुरक्षा निकाय, स्थायिन निकाय र समुदायिक वन उपभोक्ता समूह लगायतका सरोकारवालाको सहयोगमा सचेतना जागरण, पर्चा पम्प्लेट टाँस तथा बितरण, वन क्षेत्रमा पानी ट्ड्यांकी व्यवस्थापन लगायतका कार्यहरु अघि बढाउने निर्णय भएको प्रमुख जिल्ला अधिकारी थापाले बताए ।

बैठकमा नेपाली सेना बरख गणका गणपति दुर्गा बहादुर थापा, नापी कार्यालयका प्रमुख शत्रुहन प्रसाद यादव, प्रहरी उपरिक्षक नरेन्द्र कुमार कार्की, शसस्त्र प्रहरीका नायब उपरिक्षक एकराज बुर्लाकोटी, भुमिसुधार तथा मालपोत कार्यालयका निमित्त प्रमुख कालीप्रसाद साह, राष्ट्रिय अनुसन्धान विभागका प्रमुख टिकाप्रसाद पोखरेल लगायतको सहभागिता रहेको थियो ।

# सचिव टेकनारायण पाण्डे पक्राउ

काठमाडौं, २० वैशाख (रासस) ।

नेपालीलाई भूटानी शरणार्थी बनाएर अमेरिका पठाउने ठगी धन्दामा संलग्न रहेको अभियोगमा उपराष्ट्रपति कार्यालयका सचिव टेकनारायण पाण्डे पक्राउ परेका छन् ।

जिल्ला प्रहरी परिसर काठमाडौंको टोलीले बुधबार पाण्डेलाई पेप्सिकोलाबाट पक्राउ गरेको नेपाल प्रहरीका प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुवेर कडायतले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "नेपालीलाई भूटानी शरणार्थी बनाएर अमेरिका पठाउने धन्दामा ठगी गरेको अभियोगमा सचिव पाण्डेलाई पक्राउ गरी जिल्ला प्रहरी परिसर काठमाडौँमा राखिएको र आवश्यक अनुसन्धान भइरहेको छ ।"

प्रहरीले सचिव पाण्डेलाई पक्राउ गर्न अदालतबाट पक्राउ पुर्जी लिएको थियो । पाण्डे उपराष्ट्रपति कार्यालयमा कार्यरत हुनुअघि गृह मन्त्रालयको सचिव थिए । पाण्डे गृह मन्त्रालयको सचिव रहेका बेला नेपालीलाई भूटानी शरणार्थी बनाउने गिरोहसँग मिलेमतो गरेको आरोप लागेको छ ।

# स्मार्ट टेलिकम प्रालि स्वतः खारेज

काठमाडौं, २० वैशाख (रासस) ।

ललितपुरको कुमारीपाटीस्थित स्मार्ट टेलिकम प्रालिले संस्था नवीकरणका लागि नियमानुसार दस्तुरसहित निवेदन पेस नगरेकाले स्वतः खारेज भएको नेपाल दूरसञ्चार प्राधिकरणले जनाएको छ ।

प्राधिकरणले बुधबार सूचना प्रकाशित गरी उक्त सेवाका सम्बन्धमा अनुमतिपत्र बहाल नरहेको दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम ९ को उपनियम (१) बमोजिम दूरसञ्चारका पूर्वाधार, संरचना,सञ्जाललगायत सामग्री चालु अवस्थामै प्राधिकरणलाई हस्तान्तरण गर्न पनि भनेको छ ।

# विवाह होइन्, टिकोटालो मात्र भएको डा. देव दाबी
# करिश्मा भन्छिन : टिकोटालो मात्र होइन विवाह पनि भएको हो



**दैनिक समाचारदाता**
**राजविराज, २० बैशाख ।**

राजविराज ५ निवासी डा. उज्जवल देवले टिकोटालो भएपनि गोत्र नमिल्दा विवाह रद्द भएको दाबी गरेका छन् ।

एकसाता अघि सोही वडाकी करिश्मा चौधरीले श्रीमान डा. देवले आफूमाथी घरेलु हिंसा गरेको भन्दै न्यायका लागि सप्तरी जिल्ला अदालतमा मुद्दा दायर गरेपछि न्यायाधिश हरिशचन्द्र ईडगनामको इजलासले देव परिवारलाई जनही ३ हजार रुँपैया जरिवाना तथा प्रति महिना १० हजार रुँपैया मानाचामल भरणपोषण वापतको खर्च पीडित महिला करिश्मालाई दिने फैसला गरेको थियो ।

अदालतले देव परिवारलाई जायजेथाको ४ भाग अंश लगाई त्यस मध्येका एक भागको आधा करिश्माले पाउने फैसला समेत गरिसकेको बेला डा. देवले यस्तो दाबी गरेका हुन् ।

बुधबार संचारकर्मीमाझ उनले करिश्मासँग आफूले बिहे नै नगरेको दाबी गर्दै न्यायका लागि उपल्लो अदालतमा जाने बताएका छन् । विवाह रोकिदा केटी पक्षबाट आफ्नो चरित्र हत्याको प्रयास भइरहेको समेत उनले गुनासो गरेका छन् ।

उनले भने "तीन महिनाअघि टिकोटालो भएको हो, तरपछि गएर गोत्र र उमेर नमिलेको तथा नजिकको नाता पर्ने देखिएपछि विवाह रोकिएको हो ।' उनले करिश्माले दाबी गरे झैं विवाह भएको तथा दाइजो मागेको कुनै प्रमाण भेटिए जुनसुकै सजाय भोग्न तयार रहेको समेत बताए ।

एउटै वडाको रहेपनि डाकटरी पढाईको सिलसिलामा अधिकांश समय आफू बाहिरै बस्नुपरेको तथा सामाजिक संजालमार्फत करिश्मासँग सम्पर्कमा आएको उनको भनाई छ । अहिले डाकटरीको थप पढाईका क्रममा मास्टर डिग्रिको तयारीमा लागिरहेको बेला केटी पक्षबाट बनाइएको दबाबले आफू मारमा पर्नुका साथै आफ्नो चरित्रहत्या समेत हुन थालेको उनले बताए ।

उनले यसअघि मोरङ जिल्ला अदालतमा विवाह दर्ताको सहमति

***बाँकी अन्तिम पृष्ठमा***

# मोटरसाइकल अनियन्त्रित भएर दुर्घटना हुँदा चालकसहित दुई जना घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २० बैशाख ।**

राजविराज नगरपालिका ११ झल्हिस्थित बुधबार मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालकसहित दुई जना घाइते भएका छन् ।

पुर्वबाट पश्चिमतर्फ आउदै गरेको प्र.२-०३-००८प.८०७२ नं.को मोटरसाइकल आफै अनियन्त्रित भई दुर्घटना हुँदा चालक वडा नं. १० निवासी १७ वर्षिय सचिन्द्र यादव र पछाडी सवार १९ वर्षिय इशरुल मियाँ घाइते भएका हुन् ।

घाइते दुबैको राजबिराजस्थित छिन्नमस्ता अस्पतालमा उपचार भईरहेको तथा मोटरसाइकल नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

# कोभिडपछि पुरानो अवस्थामा फर्कनसकेन छापा पत्रकारिता

काठमाडौँ, २० वैशाख (रासस) ।

कोभिड-१९ को सङ्क्रमणपछि पत्रकारिताको छापामाध्यम पुरानो अवस्थामा फर्कन सकेको छैन । कोरोना भाइरसले छापा पत्रकारितालाई अस्तव्यस्त बनाएको बताउनुहुन्छ नेपाली छापा माध्यम राष्ट्रिय सञ्जालका अध्यक्ष देवप्रकाश त्रिपाठी । कोरोना महामारीका बेला पत्रिकाको छपाइ र वितरणमा असर गर्‍यो । अनलाइन सञ्चार माध्यम विस्तार हुनु कोरोनाकै 'बाइ प्रोडक्ट' भएको उहाँको तर्क छ ।

कोरोनाले छापा पत्रकारितामा पारेको असरका विषयमा उक्त सञ्जालले अध्ययन गरेको थियो । कोरोनाकै कारण सहजरूपमा पत्रिका छापिएर वितरण हुन नसकेकाले सामाजिक सञ्जालमा समाचारका सामग्री आउने क्रम पनि बढ्यो । कोरोनापछि केही अनलाइनले राज्यको नियमनमै रहेर पनि पत्रकारिता गरिरहेका छन् ।

कोरोनाका बेला पत्रिका छापिएर वितरण हुन नसक्दा पत्रकार एवं कामदारले समयमा तलब पाउन सकेनन् । कोरोनापछि अर्थ व्यवस्था पनि बिग्रिएकाले पत्रिकाले विज्ञापन पाउन सकेनन् । राज्यले पनि तुलनात्मकरूपमा बढी जिम्मेवार भएर पत्रकारिता गरिरहेको छापामाध्यमलाई पुरानो अवस्थामा फर्काउन काम गरेको अनुभूति नभएको अध्यक्ष त्रिपाठी बताउनुहुन्छ ।

पत्रकारिताले राजनीतिक क्षेत्रका प्रश्न पनि उठाउने भएकाले राज्यका तर्फबाट त्यस्तो प्रयास हुन नसकेको उहाँको भनाइ छ ।

"पत्रकारिताको विश्वसनीयता घट्दा राजनीति गर्ने र भ्रष्टचार गर्नेलाई तुलनात्मकरूपमा सजिलो हुने भएकाले यस्तो भएको हो, पत्रकारिताको विश्वसनीयता रहिरह्यो भने सुशासन र राजनीतिक स्थिरता कायम हुनसक्छ"-पत्रकार त्रिपाठी भन्नुहुन्छ ।

कोरोनाले साना छापा माध्यमलाई त अझ बढी असर पारेको छ । लोकतान्त्रिक छापा माध्यम सञ्जालका अध्यक्ष दामोदरप्रसाद दवाडी थोरै लगानीका छापा माध्यमको अवस्था कोरोनापछि झनै खराब बन्न पुगेकाले कोरोनापछि तिनको पेज र सङ्ख्या दुवै घटेको बताउनुहुन्छ ।

केही छापा कोरोनापछि अनलाइन संस्करणमा गए पनि केही भने बन्द र केही घिटीघिटीको अवस्थामा रहेका छन् । कोरोनापछि छापामाध्यममा ५५ प्रतिशतसम्मले गिरावट आएको उहाँको भनाइ छ । पहिले पत्रिकामै आउने समाचार कोरोनापछि अनलाइनमा आउन थालेका छन् ।

कोरोनापछि पत्रिका र त्यसमा काम गर्ने पत्रकारको अवस्था दयनीय बन्न पुगेको प्रेस काउन्सिल नेपालका प्रवक्ता दीपक खनाल बताउनुहुन्छ । आर्थिक सङ्कटका कारण सञ्चार गृहले समयमै तलब दिन सकेनन् । तलब नपाएपछि पत्रकार पनि अन्यत्रै लाग्न थाले । विसं २०७६ चैत ११ गतेदेखि कोरोना महामारीकै कारण देशभर बन्दाबन्दी (लकडाउन) गरियो । पत्रकारितालालाई अत्यावश्यक पेशाका रूपमा सञ्चालन हुन दिने भनिए पनि व्यावहारिकरूपमा त्यति सहज थिएन । विसं २०७६ फागुन २२ गतेदेखि नै काउन्सिलले पत्रकारलाई संयमित भएर काममा लाग्न आह्वान गरेको थियो ।

नेपाल पत्रकार महासङ्घसँगको सहमतिमा काउन्सिलले बन्दाबन्दीको अघिल्लो दिन अर्थात् २०७६ चैत १० गते कोरोनासम्बन्धी विशेष निर्देशिका जारी गरेको थियो ।

# मिडियाको समृद्धिका लागि सार्थक बहसको अपिल

**विपुल पोखरेल**

काठमाडौँ, २० वैशाख (रासस) ।

विश्वभर प्रेस स्वतन्त्रता दिवस मनाईदै गर्दा नेपाली प्रेस अझै पनि असुरक्षाको सामना गर्दै अघि बढिरहेको तथ्य हामीमाझ छ । प्रेसमाथिको निरन्तर आक्रमणलाई संसारभर नै रोक्न भने सकिएको देखिँदैनष्ठ । नेपाल पनि अपवाद छैन । स्वतन्त्रताको प्रचुररूपमा उपयोग गर्ने, गर्नका लागि सबैलाई प्रोत्साहित गर्ने र स्वतन्त्रताको सधैँ पैरवी गर्ने दायित्व बोकेको सञ्चार क्षेत्रले जस्तोसुकै परिस्थितिमा पनि आफूलाई त्यो दायित्व बहन गर्नबाट च्युत भने गरेको छैन । यो विशेषता नेपाली प्रेसले पनि निर्वाह गर्दै आएको छ । शाहीकाल, भूकम्पको काहालीलाग्दो अवस्था, कोरोनाकालजस्ता अत्यन्त असहज र असुरक्षित अवस्थामा पनि आफ्नो दायित्व निर्वाह गरेर नेपाली पत्रकारिता क्षेत्रले आफूलाई प्रस्तुत गर्दै आएको हो ।

नेपाल पत्रकार महासङ्घको अभिलेखअनुसार सन् २०२२ को मे ३ देखि २०२३ अप्रिल २६ सम्म प्रेस स्वतन्त्रता हनन्का ५५ वटा घटना भएका छन् । गत वर्ष यही अवधिमा ७५ वटा घटना अभिलेख भएका थिए । घटनाको सङ्ख्या अलिकति थोरै मानिएता पनि आक्रमणका शैली, प्रवृत्ति र नियत उस्तै छन् । तर यसले गर्दा नेपाली प्रेस सुरक्षित बन्दै छ भनेर निष्कर्ष निकाल्न सक्ने अवस्थामा हामी पुगेका छैनौँ ।

मे ३ तारिखका दिन विश्वभर प्रेस स्वतन्त्रता दिवस मनाईदै छ । युनेस्कोको आयोजनामा अफ्रिकी राष्ट्र नामिबियाको विन्डहक सहरमा भएको पत्रकारहरूको सम्मेलनले 'बहुलवादी र स्वतन्त्र प्रेसको लागि विण्डहक घोषणापत्र' जारी गरेको थियो । त्यसैको सम्झनामा सन् १९९३ देखि संयुक्त राष्ट्रसङ्घले यो दिवस मनाउने निर्णय गरेको थियो । राष्ट्रसङ्घको यो निर्णयसँगै आजको दिनलाई प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूले महत्वपूर्ण दिनका रूपमा लिन्छन् ।

आज संसारभर प्रेस स्वतन्त्रताको महत्वका बारेमा चर्चा गरिँदै छ । वरिष्ठ पत्रकार, पत्रकारिताका प्राध्यापकहरू र स्वतन्त्रताका पक्षपातीहरूको सहभागितामा तयार पारिएको 'बहुलवादी र स्वतन्त्र प्रेसको लागि विण्डहक घोषणापत्र'मा प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको पक्षमा बलियो प्रतिबद्धता जनाइएको थियो भने स्वतन्त्र र बहुलवादी प्रेसका पक्षमा सो सम्मेलनले आफूलाई प्रष्टरूपमा उभ्याएको थियो ।

यो दिनमा प्रेस स्वतन्त्रताका पक्षमा लडाइँ लड्ने योद्धाहरूप्रति सम्मान गर्ने, उनीहरूको योगदानको चर्चा गर्ने, प्रेस स्वतन्त्रताको पक्षमा थप प्रतिबद्धता जनाउने र प्रेस स्वतन्त्रताको आन्दोलनलाई अझ अगाडि कसरी लैजाने भन्ने सन्दर्भमा अन्तरक्रियाहरू गर्ने गरिन्छ । प्रेस स्वतन्त्रताको आधारभूत सिद्धान्त, विश्वभर र आफ्नो देशभित्रको प्रेस स्वतन्त्रताको समग्र अवस्थाको समीक्षा, प्रेस स्वतन्त्रता हननका घटनाको सार्वजनिकीकरण र स्वतन्त्रताको प्रतिरक्षा एवं पत्रकारिता पेसा निर्वाहको क्रममा जीवन उत्सर्ग गर्नेहरूप्रति श्रद्धा व्यक्त गर्ने यो दिनको विशेष महत्व छ ।

यो वर्षका लागि युनेस्कोले 'अधिकार सुनिश्चित गर्दै : सबै मानवअधिकारको मूल अभिव्यक्ति स्वतन्त्रता' भन्ने नारा तय गरेको छ । नागरिकले आफूलाई अभिव्यक्त गर्न सक्यो भने मात्र उसले सबै प्रकारका मानवअधिकारहरूको प्रयोग गर्न सक्नेछ भन्ने भावका साथ यो नारा तय गरिएको छ । अभिव्यक्ति स्वतन्त्रतालाई बढीभन्दा बढी प्रचलनमा ल्याउन र नागरिकलाई अभिव्यक्त गर्न प्रोत्साहित गर्न सञ्चार क्षेत्रले नै भूमिका निर्वाह गर्न सक्छ । त्यसकारण अधिकारको प्रयोगको दिशामा एउटा फड्को नै मार्ने गरी सञ्चार क्षेत्रले आफूलाई अझ क्रियाशील बनाउनका लागि काम गर्न यो वर्षको युनेस्कोले तय गरेको नाराले अपिल गरेको छ ।

नेपाली पत्रकारिता क्षेत्र अझै पनि सुरक्षाका दृष्टिकोणले सन्तोष गर्न सकिने अवस्था छैन । भौतिक हमला र पेसागत असुरक्षा दुवैले पत्रकारहरूलाई त्रासमा राखेको अवस्था छ भने इन्टरनेटमा आधारित प्रविधिको प्रयोग गर्दै पत्रकारहरूलाई निरुत्साहित गर्ने, अपमानित गर्ने खालका नयाँ प्रवृत्तिहरू पनि देखिन थालेका छन् । यस वर्ष पनि पत्रकारहरूको पेसागत सुरक्षाको अभाव जनाउँदै सैयौँ उजुरीहरू आएका छन् ।

बदलिँदो समयसँगै नेपाली पत्रकारिता क्षेत्रमा पनि नयाँ चुनौतीहरू थपिँदै गएका छन् । इन्टरनेटको विकाससँगै सुरु भएको डिजिटल पत्रकारिता आजको मुख्य चुनौती र अवसरका बीच सङ्घर्षरत छ । कमजोर साइबर सुरक्षाका कारण अनलाइन सञ्चारमाध्यमा अनधिकृत प्रवेश गरी समाचार हटाउनेजस्ता घटना बढ्न थालेका छन् । श्रमजीवी पत्रकार ऐन, २०५१ को पूर्णपालना नहुँदा आज पनि पत्रकारहरू पारिश्रमिकबाट बञ्चित छन् ।

इन्टरनेटको बढ्दो प्रयोगसँगै प्रेस स्वतन्त्रतामाथि आक्रमणका प्रवृत्तिहरू पनि बढेका छन् । सामाजिक सञ्जालमार्फत पत्रकारको बेडरुमसम्म पनि धम्कीका सन्देशहरू पुग्ने गरेका छन् । यस्ता धम्कीहरूको आधिकारिक तथ्याङ्क पाइँदैन । तर पनि पत्रकार महासङ्घका विभिन्न तहको नेतृत्व गर्ने नेतृत्वकर्ताहरूसँगको संवादका आधारमा यो सङ्ख्या सामान्यरूपमा अनुमान गरेभन्दा धेरै हुनसक्ने अड्कल गर्न सकिन्छ ।

प्रेस स्वतन्त्रतामाथिका यस्ता विविधखाले आक्रमणका प्रवृत्तिहरूलाई निरुत्साहित गर्नका लागि अभियान नै थाल्नुपर्ने अवस्था छ । डिजिटल सुरक्षा, मिडिया साक्षरताजस्ता अभियानहरू यतिबेला आवश्यक महसुस भएका छन् । पत्रकार महासङ्घले सुरु गरेको फ्रि मिडिया नेटवर्कजस्ता सञ्जालमार्फत मिडिया र नागरिक समाजका बीचमा नियमित अन्तर्क्रिया गर्दा पनि प्रेस स्वतन्त्रताका सवालमा नागरिक समाजको साथ पाउने अनुभव हामीले गर्न थालेका छौँ । त्यसैगरी संविधानले ग्यारेन्टी गरेको पूर्ण प्रेस स्वतन्त्रतालाई अभ्यासमा पनि महसुस गर्न सक्ने बनाउनका लागि आवश्यक कानुन निर्माण गर्ने कुरालाई पनि उत्तिकै प्राथमिकतामा राख्न जरुरी छ ।

मुलुकले संविधानसभामार्फत निर्मित संविधानको आधारमा सङ्घीयताको अभ्यास थालेको पनि आठ वर्ष भइसकेको छ । तर यतिका अवधि भइसक्दा पनि अझ पनि नेपालको पत्रकारिता क्षेत्रसँग सम्बन्धित विभिन्न कानुन निर्माण हुन सकिरहेका छैनन् । आमसञ्चार नीति, २०७३ को कार्यान्वयनका लागि कानुनको अभाव भएको छ । यसले गर्दा सङ्घीय गणतन्त्रात्मक शासन व्यवस्थाले परिकल्पना गरेको जस्तो गरी पत्रकारिता क्षेत्रलाई अगाडि बढाउन सकिएको छैन । पत्रकारिता क्षेत्रमा आएका नयाँ आयाम र प्रविधिको सदुपयोग गर्दै अगाडि बढ्नुपर्ने चुनौतीलाई सम्बोधन गर्ने गरी कानुन निर्माण गरेर अगाडि बढ्नुपर्ने दायित्व यतिबेला हाम्रो काँधमा आएको छ । अघिल्लो संसद्मा पेस गर्नका लागि बनाइएका कानुनका मस्यौदालाई परिमार्जन गरेर नयाँ संसद्मा पेस गर्नका लागि सरकारले काम गरिरहेको जनाएको छ । त्यो परिमार्जनले हामीले खोजेको जस्तो कानुन निर्माणको सुनिश्चितता गरोस् भनेर हामीले गम्भीर चासो दिन आवश्यक छ र दिई पनि राखेका छौँ ।

प्रेस स्वतन्त्रताका सन्दर्भमा राज्य र राजनीतिक शक्ति अझै पनि अनुदार रहेको अनुभूति हामीले गर्नु परिरहेको छ । सरकार र संसद्को प्राथमिकतामा सञ्चारसँग सम्बन्ध कानुन र मुद्दाहरू पर्ने गरेका छैनन् । सञ्चार क्षेत्रमाथि जिम्मेवार राजनीतिक नेतृत्वबाट सञ्चार संस्था घेराउ गर्ने धम्कीसमेत सुनिँदै आएको अवस्था छ । तर, यति हुँदाहुँदै पनि निरन्तर नागरिकलाई सूचना प्रवाह गर्ने, राज्यलाई खबरदारी गर्ने आफ्नो दायित्व निर्वाह गर्न नेपाली पत्रकारिता निरन्तर लागि परिरहेको अवस्था छ । प्रेसमैत्री कानुन निर्माणका लागि पनि हाम्रो खबरदारीले काम गरिरहेको छ । हाम्रो लडाइँका कारण स्थगित भएका कानुन निर्माणका प्रक्रियाहरूलाई सही ढङ्गले अगाडि बढाउन राज्यसँग हामीले प्रतिबद्धता खोजिरहेका छौँ ।

विश्व प्रेस स्वतन्त्रता दिवसका सन्दर्भमा हुने अन्तर्क्रियाहरूमा नेपालको यो अवस्थाका बारेमा पनि छलफल हुनेछ र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षधरहरूले यो अवस्थामा सुधार ल्याउनका लागि राज्यका संरचनाका साथै सरोकारवालाको ध्यानाकर्षण गराउने छ भन्ने विश्वास लिइएको छ । प्रेस स्वतन्त्रता प्रेसको मात्र मुद्दा होइन । नागरिकको सुसूचित हुन पाउने संवैधानिक हकलाई प्रचलनमा ल्याउनका लागि पनि प्रेस स्वतन्त्रता अनिवार्य हुन्छ । त्यतिमात्र होइन, प्रेस स्वतन्त्रता समग्र समाजको लोकतान्त्रिकीकरणको अभियानको एउटा महत्वपूर्ण अङ्ग पनि हो । नेपालको संविधानको प्रस्तावनामै पूर्ण प्रेस स्वतन्त्रता लेखिएको भएता पनि व्यवहारमा त्यसअनुरूप वातावरण बन्न सकेको छैन ।

पत्रकारिताको विश्वसनीयता अभिवृद्धि गर्नका लागि गम्भीरताका साथ काम गर्नुपर्ने अवस्था पनि उत्तिकै छ । राजनीतिक ध्रुवीकरण, इन्टरनेटको पहुँच विस्तारसँगै सञ्चार संस्थाको सङ्ख्यामा भएको उल्लेख्य वृद्धि र त्यसअनुरुपको दक्ष जनशक्तिको अभावले पत्रकारितामा पनि असर पारिहरहेको छ । यी तीन चुनौतीका बीचबाट पत्रकारिता क्षेत्रप्रतिको विश्वसनीयता अभिवृद्धि गर्ने गरी पत्रकारिताको यात्रालाई अगाडि बढाउनुपर्ने दायित्व पनि आज प्रेस जगत्का बीचमा उपस्थित छ ।

आर्थिक सङ्कटले सञ्चारसंस्थाहरूको दिगोपनामा समस्या पार्ने खतरा पनि हाम्रामाझ उपस्थित छ । यो विषयमा पनि गम्भीरताका साथ सोच्ने, योजना बनाउने र अगाडि बढ्ने कुरामा अब विलम्ब गरिनु हुँदैन । राज्यको नीतिगत भूमिका र लगानीको सुरक्षाका लागि ठोसरूपमा सोच्न जरुरी देखिएको छ । विश्व प्रेस स्वतन्त्रता दिवस मनाइरहँदा यी र यस्ता विषय जसले मिडिया क्षेत्रसँग सम्बन्ध राख्छन्, ती सवाललाई पनि छलफल र बहस बनाएर अगाडि बढ्ने हो भने हामी पक्कै पनि सही गन्तव्यमा पुग्नेछौँ । *(लेखक नेपाल पत्रकार महासङ्घका केन्द्रिय अध्यक्ष हुनुहुन्छ)*

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# अभिव्यक्ति स्वतन्त्रता संरक्षणमा स्वतन्त्र प्रेसको भूमिका

**धर्मेन्द्र झा**

काठमाडौं, २० वैशाख (रासस)।

प्रत्येक वर्ष मे ३ का दिन विश्वभर प्रेस स्वतन्त्रता दिवस मनाउने सन्दर्भमा यस वर्ष पनि आज औपचारिकरूपमा विश्वभर विविध कार्यक्रमको आयोजना गरिएका छन् र गरिँदै पनि छन्। अनौपचारिकरूपमा पनि यस दिवसलाई सम्झने क्रममा अनेक कार्यक्रम आयोजना गर्ने गरिएका छन्। नेपालमा पनि यस वर्ष मे १ देखि ४ तारिखसम्म यस दिवससँग सम्बन्धित विविध कार्यक्रम आयोजना गरिँदैछन्।

नामिबियाको विण्डहक सहरमा सन् १९९१ मा सम्पन्न अफ्रिकाका पत्रकारहरूको सम्मेलनले मे ३ का दिन स्वतन्त्र प्रेसका सम्बन्धमा 'स्वतन्त्र एवं बहुलतावादी प्रेसका लागि विन्डहक घोषणापत्र' जारी गरेको दिनलाई युनेस्कोको आग्रहमा संयुक्त राष्ट्रसङ्घको आह्वानमा १९९३ देखि विश्व प्रेस स्वतन्त्रता दिवसका रूपमा विश्वभर मनाउन थालिएको हो। नेपालमा सरकारी स्तरबाट यो दिवस मनाउने चलन चलेको भने पाइँदैन। तर गैरसरकारी स्तरबाट भने सन् १९९५ देखि यो दिवस मनाइरहिएको छ। यस दिवसका अवसर पारेर सञ्चार र पत्रकारितासँग सम्बन्धित विभिन्न सङ्घसंस्थाले विविध कार्यक्रमको आयोजना गर्ने गरेका छन् र यो क्रम यसपटक पनि जारी छ।

नेपाल संयुक्त राष्ट्रसङ्घको सदस्य राष्ट्र हो। मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि, १९६६ को पक्ष राष्ट्र पनि हो नेपाल। यस आधारमा संयुक्त राष्ट्रसङ्घले आह्वान गर्ने अन्य दिवसजस्तै अन्तर्राष्ट्रिय प्रेस स्वतन्त्रता दिवस पनि नेपाल सरकारको प्राथमिकतामा पर्नुपर्ने हो। यस सम्बन्धमा सरकारले पुनर्विचार गर्नु आवश्यक छ।

विभिन्न कठिनाइ र अवरोधका बीच पनि आफ्नो पेसागत धर्म निर्वाह गरिरहेका विश्वभरका सम्पूर्ण पत्रकारका लागि यो दिनले विशिष्ट महत्व राख्दछ। यस दिवसका अवसरमा व्यावसायिक दायित्व निर्वाह गर्दै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्ने पत्रकारप्रति श्रद्धाञ्जलि अर्पण गर्नु र तिनलाई स्मरण गर्दै आफ्नो भावी यात्राको प्रतिबद्धता व्यक्त गर्नु सबै सञ्चारकर्मीको दायित्व हो। आजका दिनमा विगतमा प्रेस स्वतन्त्रताका लागि जीवन उत्सर्ग गर्ने अग्रज पत्रकारले हामीबीच छाडेर गएको नासोको संरक्षण र संवर्द्धन गर्ने गुरुत्तर दायित्व हामीमा छ।

स्वतन्त्र पत्रकारिता लोकतन्त्रको पहिलो आवश्यकता र शर्त दुवै हो। यसको अभावमा लोकतन्त्र छ भनेर कहीं दाबी गरिन्छ भने त्यो फगत दाबीमात्र हुनेछ। यस परिदृश्यमा लोकतन्त्रको यो महत्वपूर्ण औजारलाई जोगाइरहने अभिभारा स्वभावैले सञ्चारकर्मीको काँधमा जान्छ। यस्तोमा पत्रकार बलियो नभई पत्रकारिता र लोकतन्त्र बलियो हुन नसक्ने यथार्थ हामी सबैले बुझ्नु जरुरी छ। पत्रकारिता स्वतन्त्र, बलियो र प्रभावकारी नहुँदा लोकतन्त्र पनि सुदृढ हुन सक्दैन। लोकतन्त्रको सुदृढीकरणको अभावमा जनताको मौलिक अधिकार पनि सुरक्षित नहुने निश्चित छ।

यो दिवस मनाउने सन्दर्भमा युनेस्कोले प्रत्येक वर्ष नारा तय गर्दछ र वर्षभरि नै त्यो नारासँग सम्बन्धित गतिविधि युनेस्को स्वयंले पनि आयोजित गर्दछ र अन्य राज्य तथा नागरिक सङ्घसंस्थालाई पनि बहसमा आधारित गतिविधि सञ्चालन गर्न प्रोत्साहित गर्दछ। फ्रिडम फोरमले गरेको अनुवादअनुसार युनेस्कोले यस वर्ष २०२३ का लागि **'अधिकारको आगामी बाटो : अभिव्यक्ति स्वतन्त्रता सबै अधिकारहरूको वाहक'** भन्ने नारा तय गरेको छ। यो विषय अर्थात् नारा स्वयंमा निकै महत्वपूर्ण छ। माथि पनि चर्चा गरियो नेपाल मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको पक्ष राष्ट्र हो। यी दुवै दस्तावेज अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितताका दृष्टिले निकै महत्वपूर्ण छन्।

नेपालको संविधान २०७२ प्रेसमैत्री त छन् तर यदाकदा तिनको कार्यान्वयनका सन्दर्भमा प्रश्नचिह्न खडा हुने गर्दछ। युनेस्कोको यस वर्षको नाराका आधारमा नेपालको संवैधानिक प्रावधानहरूको परीक्षण गर्ने हो भने असन्तोष मान्नुपर्ने अवस्था छैन। संविधानको प्रस्तावनामा नै पूर्ण प्रेस स्वतन्त्रता उल्लेख गरिएबाट पनि प्रेस स्वतन्त्रताका सन्दर्भमा नेपालको औपचारिक प्रतिबद्धताको मूल्याङ्कन गर्न सकिन्छ।

संविधानको धारा १७ को (२) को (क) मा विचार र अभिव्यक्तिको स्वतन्त्रता सुनिश्चित गरिएको छ। यस्तै संविधानको धारा १९ मा सञ्चारको हक सुनिश्चित गरिएको छ। यस धाराको उपधारा (१) मा 'विद्युतीय प्रकाशन, प्रसारण तथा छापालगायतका जुनसुकै माध्यमबाट कुनै समाचार, सम्पादकीय, लेख, रचना वा अन्य कुनै पाठ्य, श्रव्य, श्रव्यदृश्य सामग्रीको प्रकाशन तथा प्रसारण गर्न वा सूचना प्रवाह गर्न वा छाप्न पूर्व प्रतिबन्ध लगाइने छैन' भन्ने उल्लेख छ। यसैगरी धारा २७ मा सूचनाको हकको व्यवस्था गरिएको छ। यस आधारमा हेर्ने हो भने प्रेस अधिकारका दृष्टिले नेपालको संवैधानिक व्यवस्थालाई अत्यन्त सकारात्मक मान्नुपर्ने हुन्छ। तर संविधानले व्यवस्था गरेका प्रवधानहरूका सन्दर्भमा कतिपय कानुनी अल्झो देखिने गरेको छ। कतिपय आवश्यक कानुन नै बनेका छैनन् भने कतिपय भएका कानुनमा अलमलको अवस्था अनुभूत गरिएको छ।

विचार तथा प्रेस र अभिव्यक्ति स्वतन्त्रता एवं सूचनाको हक नागरिक सशक्तीकरणका लागि महत्वपूर्ण संवैधानिक आधार हुन्। कुनै पनि मुलुकमा लोकतन्त्र कति बलियो छ भन्ने कुराको मूल्याङ्कन त्यहाँको शासन पद्धतिमा नागरिकको सहभागिता र मिडियाको प्रभावकारिताको आधारमा गर्न सकिन्छ। यस अर्थमा लोकतान्त्रिक मूल्य मान्यताको मापनको यो एक महत्वपूर्ण औजार हो। यस पृष्ठभूमिका आधारमा युनेस्कोको नारा नेपालका सन्दर्भमा पनि सान्दर्भिक रहेको पक्षमा दुईमत हुन सक्दैन।

माथि पनि चर्चा गरी सकियो युनेस्कोको यस वर्षको नारा निकै महत्वपूर्ण छ। यसको महत्व प्रेस स्वतन्त्रतासम्म मात्र सीमित छैन, बरु यो नाराको महत्वको विस्तार प्रत्येक प्रकारको मानवअधिकारको संरक्षण, उपयोग र बहालीसँग जोडिएको छ भन्दा अस्वाभाविक हुँदैन। यस सन्दर्भमा एउटा तथ्यलाई बिर्सन मिल्दैन। त्यो के भने प्रेसलाई मानवअधिकारको पहिलो पङ्क्तिको रक्षक मानिन्छ। यस आधारमा पनि भन्न सकिन्छ कि युनेस्कोको नारा मानवअधिकारको रक्षा र यस सन्दर्भमा प्रेसको भूमिकाका दृष्टिले निकै महत्वपूर्ण छ।

कुनै विमति हुन सक्दैन, अभिव्यक्ति स्वतन्त्रता आमव्यक्तिको मौलिक अधिकार हो। कतिपयले यस अधिकारको कार्यान्वयनमा राज्यको भूमिकाका सन्दर्भमा यस अधिकारलाई नकारात्मक अधिकारको सङ्ज्ञा पनि दिने गरेका छन्। जनताले अभिव्यक्ति स्वतन्त्रताको निर्वाध उपयोग गर्ने क्रममा कहिलेकाहीँ राज्यले नकारात्मक प्रभावको सामना पनि गर्नुपर्ने हुनसक्छ। तर यति हुँदाहुँदै पनि राज्यले यस अधिकारको संरक्षणका लागि भूमिका निर्वाह गर्नुपर्ने हुन्छ। राज्यको यो प्राथमिक दायित्व हो।

अभिव्यक्ति स्वतन्त्रताको सम्बन्ध आमव्यक्तिले विचार निर्माण गर्न पाउने र प्रकट गर्ने अर्थात् व्यक्त गर्न पाउने कुरासँग छ। यसै सन्दर्भमा विचार निर्माणको मूल आधार सूचनाको प्राप्ति हो भन्ने यथार्थलाई गौण गर्न सकिँदैन। यसरी युनेस्कोको नाराको विश्लेषण गर्ने हो भने, यो नाराले सूचनाको प्राप्ति र प्रयोग, विचार निर्माण तथा अभिव्यक्तिको सुनिश्चिततालाई एकैपटक सम्बोधनको प्रयत्न गरेको छ भनेर मान्न सकिन्छ। स्मरणीय के छ भने यी सबै कुरा मानवअधिकारसम्बन्धी विश्वव्यापी घोषणापत्र र नागरिक र राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिको धारा १९ मा उल्लेख गरिएका छन् र माथि पनि चर्चा गरियो नेपाल यी दुवै दस्तावेजको हस्ताक्षरकर्ता देश हो।

अभिव्यक्ति स्वतन्त्रताको प्रचलन गर्ने/गराउने सन्दर्भमा प्रेसको भूमिका महत्वपूर्ण हुन्छ। त्यो किन पनि भने प्रेसलाई विचार अभिव्यक्ति गर्ने स्वतन्त्र र साझा मञ्च वा माध्यम मानिन्छ। प्रेस स्वतन्त्र हुन सकेन भने यसले आमव्यक्तिको विचार अभिव्यक्तिका सन्दर्भमा स्वतन्त्र र साझा मञ्चको हैसियत गुमाउँछ। प्रेसले चाहे जुनसुकै कारणले होस् स्वतन्त्र मञ्चका रूपमा भूमिका निर्वाह गर्न सकेन भने आमव्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको हक कुण्ठित हुने सम्भावनाको विकास हुन्छ।

अभावग्रस्त प्रेस, डराएको प्रेस, राजनीतिक, व्यावसायिक, आपराधिक वा अन्य कुनै वर्ग समूहको कठपुतली बन्न बाध्य प्रेसले निश्चय पनि आफूलाई स्वतन्त्र र साझा मञ्चको हैसियतमा प्रस्तुत गर्न कठिन हुन्छ। यस अवस्थामा आमव्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको सङ्कुचन हुने निश्चित छ। यस्तोमा व्यक्तिले आफ्ना धारणा सार्वजनिकरूपमा व्यक्त गर्ने सम्भावनाको ढोका बन्द हुन्छ र राज्य तथा व्यक्तिबीचको संवादको पनि अन्त्य हुन्छ। यस अवस्थामा व्यक्तिको आवश्यकता र तिनका समस्याबारे राज्यले जानकारी प्राप्त गर्न सक्दैन र राज्य आफूखुसी निर्देशित हुने मार्गप्रशस्त हुन्छ। निश्चय पनि यो अवस्था भनेको लोकतन्त्रको क्षयीकरणको अवस्था हो।

राज्यले आफूखुसी गर्ने सम्भावनाको अन्त्यका लागि पनि अभिव्यक्ति स्वतन्त्रताको सुनिश्चितता अपरिहार्य छ। अभिव्यक्ति स्वतन्त्रको हनन् अथवा निर्वाध कार्यान्वयन हुन नसक्ने अवस्थालाई आमव्यक्तिको मुख थुन्ने अवस्थासँग तुलना गर्न सकिन्छ। यस अवस्थामा व्यक्तिले कुनै पनि कुरा भन्न नसक्ने अवस्थाको सिर्जना हुन्छ। यो अवस्था भनेको उनका कुनै पनि अधिकार कार्यान्वयन हुन नसक्ने अवस्था हो। जब व्यक्तिले आफ्ना विचार वा धारणा नै व्यक्त गर्न सक्दैन भने स्वाभाविकरूपले बुझ्नुपर्छ उसका आवश्यकता सम्बोधन हुन सक्ने अवस्थाको अन्त्य भएको छ वा हुँदैछ र अन्य सबै अधिकार धरापमा पर्ने वातावरणको निर्माण हुँदैछ।

यस्तोमा अभिव्यक्ति स्वतन्त्रताको निर्वाध कार्यान्वयनको मुद्दालाई राज्यले आफ्नो प्राथमिकतामा राख्ने हो भने यसको प्रचलनका लागि उपयुक्त वातावरणको निर्माण गर्नु जरुरी हुन आउँछ। संवैधानिक र कानुनी प्रवधानको कार्यान्यन, बहुलवादी समाजको उपस्थितिबारेको स्वीकारोक्ति, आवश्यक थप कानुनको निर्माण, अन्तर्राष्ट्रिय मापदण्डहरूको अनुशरण र सुरक्षाको प्रत्याभूतिले यस दिशामा उपयुक्त वातावरण निर्माण गर्न सघाउँछ। राज्य यसतर्फ गम्भीर हुन सके सकारात्मक परिणामको प्राप्तिको अपेक्षा गर्न सकिन्छ।

माथिको विश्लेषणको आधारमा भन्नैपर्ने हुन्छ, अभिव्यक्ति स्वतन्त्रताको निर्वाध कार्यान्वयन नेपालको दायित्व हो। निश्चय पनि यसपटकको नाराका माध्यमबाट संयुक्त राष्ट्रसङ्घ र युनेस्कोले आफ्ना सदस्य राष्ट्रहरूलाई अभिव्यक्ति स्वतन्त्रताको निर्वाध कार्यान्वयनका लागि घच्घच्याउने कार्य गरेको छ।

विश्व प्रेस स्वतन्त्रता दिवसको यस दिनले नेपाली पत्रकार र सम्बद्ध सरोकारवालालाई आफ्नो कर्तव्यपथमा निष्ठापूर्वक लाग्न अझ बढी प्रेरित गरोस्। यतिमात्र होइन, माथि चर्चा गरिएका विषयमा बहस चलाएर एउटा सकारात्मक निष्कर्षमा पुग्नु आवश्यक छ। यो दिनले नेपाली मिडियाकर्मीलाई कुनै पनि पक्षको डर र धम्कीबाट विचलित नभई निर्भिकतापूर्वक कर्तव्य निर्वाहमा जुटिरहन बल प्राप्त होस् र आमव्यक्तिको अभिव्यक्ति स्वतन्त्रताको हक सुनिश्चित हुन सकोस् भन्ने कामना। *(लेखक राससका कार्यकारी अध्यक्ष तथा नेपाल पत्रकार महासङ्घका पूर्व केन्द्रीय अध्यक्ष हुनुहुन्छ।)*

## विश्व समाचार

### जेल परेका इरानी महिला पत्रकारलाई प्रेस स्वतन्त्रता पुरस्कार

संयुक्त राष्ट्रसङ्घ, २० वैशाख (रासस/एपी)।

संयुक्त राष्ट्रसङ्घले सत्य र जवाफदेहिताप्रतिको अटुट प्रतिबद्धताका लागि इरानका तीन जना महिला पत्रकारलाई प्रेस स्वतन्त्रता पुरस्कार प्रदान गर्ने घोषणा गरेको छ।

मङ्गलबार राति गरिएको घोषणाअनुसार गत सेप्टेम्बरमा २२ वर्षीया महसा अमिनीले आफ्नो शिर राम्ररी नढाकेको अभियोगमा धार्मिक प्रहरी हिरासतमा लिइएपछि भएको उनको मृत्युको खबर सम्प्रेषण गर्ने निलोफर हमेदी महसाको अन्त्येष्टिको समाचार लेख्ने इलाहे मोहम्मदी हुन्। अमिनीको मृत्युपछि इरानका दर्जनौं शहरमा महिनौंसम्म विरोध प्रदर्शन भएका थिए।

तेस्रो विजेता नरगेस मोहम्मदी हुन्। इरानमा लामो समयदेखि काम गरेकी उनी प्रेस स्वतन्त्रता र मानवअधिकारकार रक्षाका खातिर वर्षौंदेखि अग्रमोर्चामा रहेर काम गरेकी अग्रणी पत्रकार हुन्। पुरस्कृत पत्रकारहरू कारागारमा छन्। उनीहरूलाई अमेरिकासँग मिलेर काम गरेको तथा इरानको राष्ट्रिय सुरक्षा प्रतिकूल गतिविधि गरेको अभियोग लगाइएको छ।

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक एवम् सांस्कृतिक सङ्गठन (युनेस्को) विश्व प्रेस स्वतन्त्रता पुरस्कार सन् १९८६ को डिसेम्बर १७ मा हत्या गरिएका कोलम्बियाली पत्रकार गुईलेर्मो कानोको नाममा स्थापना गरिएको हो।

पत्रकार गुइलेर्मो आफ्नो पत्रिका एल एस्पेक्टाडोरको कार्यालय अगाडि मारिएका थिए। सन् १९८७ देखि हरेक वर्ष मे ३ मा विश्वभर विश्व प्रेस स्वतन्त्रता दिवस मनाइने गरेको छ।

युनेस्कोका महानिर्देशक अड्रे अजौलेले आक्रमण, धम्की र असुरक्षाका बीच पेशाप्रति प्रतिबद्ध भएर लागेका महिला पत्रकारहरू पुरस्कृत भएका बताउँदै उनीहरूलाई इरान सरकारले कारगारमुक्त नगरेसम्म विश्वभरका पत्रकार एवम् स्वतन्त्रतापक्षधरले उनीहरूका पक्षमा आवाज बुलन्द गर्नुपर्नेमा जोड दिएका छन्।

### सुडान सङ्घर्षः सातदिनसम्म युद्धविराम गर्ने सहमति

जुबा, (दक्षिण सुडान), २० वैशाख (रासस/एएनआई)।

सुडानमा युद्धरत पक्ष बिहीबारलदेखि लागू हुने गरी सातदिने युद्धविरामा गर्न सहमत भएका छन्। दक्षिण सुडानका राष्ट्रपति साल्भा किर मेयारदिटसँगको फोनवार्तामा युद्धरत समूहका नेताले उक्त सहमति गरेका हुन्

दक्षिण सुडानको विदेशमन्त्रालका अनुसार सुडानी सेना (एसएएफ) प्रमुख अब्देल फताह अल बुरहान र अर्धसैनिक बल र्‍यापिड सपोर्ट फोर्सेस (एसएएफ)प्रमुखले भोलि वैशाख २१ देखि २८ गतेसम्म युद्धविराम गर्न सहमति जनाएका हुन्। मन्त्रालयले जारी गरेको विज्ञप्तिमा दुवै पक्षले वार्ताका लागि आ-आफ्ना प्रतिनिधि खटाउन सहमति पनि जनाएका छन्।

दक्षिण सुडानका राष्ट्रपतिले लामो समयसम्म युद्धविराम हुनुपर्नेमा जोड दिँदै त्यसनिम्ति वार्ता अपरिहार्य भएको बताउनुभयो। उहाँले दुवै पक्षलाई वार्ताको मिति प्रस्ताव गर्न आग्रह गर्नाका साथै दुवै समूहलाई मान्य हुने वार्तास्थल निर्धारण गरिने जानकारी दिनुभएको छ। शीघ्र वार्ताका निम्ति प्रतिनिधिका नाम पठाउन पनि उहाँले आग्रह गर्नुभएको छ।

व्यापार र विकासका लागि आठ अफ्रिकी देशको अन्तरसरकारी मञ्च (आइजिएडी)का प्रमुखसमेत रहनुभएका दक्षिण सुडानका राष्ट्रपतिलाई युद्धरत पक्षलाई वार्ताको टेबलमा ल्याउन तथा युद्धविराम गराउन सम्बद्ध पक्षसँग वार्ता गर्न आइजिएडीले अधिकार प्रत्यायोजन गरेको थियो।

भीषण युद्धका कारण राजधानी खार्तुमलगायत सुडानको अवस्था भयावह बनेपछि आइजिएडीले युद्धविरामको पहल गरेको हो।

### सैनिक सरकारद्वारा दुई हजार बन्दीलाई आममाफी

याङ्गुन, २० वैशाख (रासस/एएफपी)।

म्यान्माको सैनिक सरकारले दुई हजार एक सय ५३ जना बन्दीलाई आममाफी दिएको छ। दुईवर्षअघि शासन व्यवस्था आफ्नो हातमा लिएको सेनाले आफ्ना विरोधीलाई धमाधम पक्रा गरेको थियो। सैनिक सरकारको विरोध गरेका ती बन्दीमध्ये केही रिहा हुन लागेका हुन्।

आगामी शुक्रबार बुद्धपूर्णिमाको अवसरमा बन्दीलाई रिहा गरिनेछ। अधिकतम तीन वर्ष जेलसजाय भोगेकाहरूमध्येबाट ती बन्दी रिहा हुन लागेका हुन्। सैनिक सरकारको विरोध गरेको हजारौंलाई कारगारमा कोचिएको छ। सामान्यतया राष्ट्रिय पर्वका बेला म्यान्माले आममाफी घोषणा गर्दै आएको छ।

चीनका विदेशमन्त्री छिन गाङको भ्रमणपछि आममाफीको घोषणा भएको हो। मङ्गलबार उहाँले सैनिक सरकारका वरिष्ठ अधिकारीहरूसँग बेग्लाबेग्लै भेटवार्ता गर्नुभएको थियो। चीनले म्यान्माको सार्वभौमसत्ताको सबैले सम्मान गर्नुपर्नेमा जोड दिँदै शान्ति र मेलमिलापका निम्ति सहयोग गर्न बेइजिङ सधैँ तत्पर रहने बताउँदै आएको छ। म्यान्मामा चीनको सहयोगमा विकास-निर्माणका धेरै पूर्वाधार परियोजना सञ्चालित छन्।

# विधान अधिवेशनको तयारीमा जसपा

काठमाडौँ, २० वैशाख (रासस)। जनता समाजवादी पार्टी नेपाल (जसपा) विधान अधिवेशनको तयारीमा जुटेको छ। आउँदो जेठ १ गतेदेखि हुने विधान अधिवेशनको तयारी लगभग पूरा भएको सो पार्टीका प्रचार विभाग प्रमुख पूर्ण बस्नेतले जानकारी दिनुभयो। उहाँका अनुसार विधानको मस्यौदा तयार भइसकेको र त्यसका लागि मागिएको सुझाव लगभग सातै प्रदेशबाट प्राप्त भइसकेकाले अब केही दिनमा बैठक बसेर त्यसलाई अन्तिम रुप दिइने छ।

विधान अधिवेशनमा क-कसलाई प्रतिनिधि बनाउने भन्ने मापदण्ड पनि तयार भइसकेको सो पार्टीले जनाएको छ। प्रतिनिधि चयन गर्नेसम्बन्धी मापदण्ड तयार गर्ने जिम्मेवारी कार्यकारिणी सदस्य रकम चेम्जोङ, विजय यादव र मनिष सुमनलाई दिइएको र उहाँहरूले मापदण्ड तयार गरी पार्टीलाई बुझाइसकेको समेत प्रचार विभाग प्रमुख बस्नेतले बताउनुभयो। यसअघि गएको चैत २६ गतेदेखि २८ गतेसम्म विधान अधिवेशन गर्ने तय भएको भए पनि उपनिर्वाचनका कारण अधिवेशन आउँदो जेठ १ देखि ३ गतेसम्म काठमाडौंमा हुने गरी सारिएको थियो।

विधान अधिवेशनमा पेस गरिने विधानको मस्यौदा पार्टी अध्यक्ष उपेन्द्र यादवको नेतृत्वमा गठित कार्यदलले तयार गरेको हो। विधान संशोधन मस्यौदामा केन्द्रीय समितिको सदस्य सङ्ख्या घटाउन प्रस्ताव गरिएको छ। विधानको मस्यौदामा एक सय ५१ सदस्यीय कार्यसमितिको प्रस्ताव गरिएको छ, भने मस्यौदामा केन्द्रीय समितिमा ४० प्रतिशत युवा हुनुपर्ने तथा ७० वर्ष पूरा भएको व्यक्ति केन्द्रीय समिति, प्रदेश समिति र जिल्ला समितिको पदाधिकारी वा सदस्यमा निर्वाचित हुन वा बस्न नपाउने व्यवस्था गरिएको छ।

केन्द्रीय समितिको निर्वाचनमा कम्तीमा एक तिहाइ महिलासहित नेपालको विविधता प्रतिबिम्बित हुने गरी पार्टी सदस्य सङ्ख्याको अनुपातमा मधेशी, आदिवासी जनजाति, थारू, दलित, महिला, खस आर्य, मुस्लिम र अल्पसङ्ख्यक गरिएको सङ्ख्यक समुदाय जातीय, सामाजिक समूहबाट ७० प्रतिशत र खुल्ला प्रतिस्पर्धाबाट ३० प्रतिशत केन्द्रीय सदस्य निर्वाचित हुने भनि मस्यौदामा उल्लेख गरिएको छ।

# प्रतिव्यक्ति आय एक हजार तीन सय ९९ डलर

काठमाडौँ, २० वैशाख (रासस)। नेपालको प्रतिव्यक्ति आय अमेरिकी डलर एक हजार तीन सय ९९ अर्थात् रू एक लाख ८२ हजार छ सय ८३ बराबर पुगेको छ। राष्ट्रिय तथ्याङ्क कार्यालयले मङ्गलबार सार्वजनिक गरेको आर्थिक वर्ष २०७९/८० को वार्षिक राष्ट्रिय लेखा तथ्याङ्कसम्बन्धी विवरणानुसार प्रतिव्यक्ति कूल गार्हस्थ उत्पादन अमेरिकी डलर एक हजार तीन सय ९९ र प्रतिव्यक्ति कूल राष्ट्रिय उत्पादन अमेरिकी डलर एक हजार चार सय १० बराबर देखिएको हो।

यसवर्ष नेपालको कूल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिदर उपभोक्ता मूल्यमा एक दशमलव ८५ प्रतिशत र आधारभूत मूल्यमा दुई दशमलव १३ प्रतिशत बराबर रहने अनुमान गरिएको छ। तथ्याङ्क कार्यालयका अनुसार चालु आवमा नेपालको जिडिपीको आकार आधारभूत मूल्यमा रू ४६ खर्ब ९६ अर्ब ४९ करोड र उपभोक्ता मूल्यमा रू ५३ खर्ब ८१ अर्ब ३४ करोड बराबर पुग्ने अनुमान गरिएको छ।

जिडिपी अनुपातमा नेपालको कूल स्थिर पुँजी निर्माण (ग्रस फिक्स्ड क्यापिटल फर्मेसन) २५ दशमलव २१ प्रतिशत अर्थात् रू १३ खर्ब ५६ अर्ब ४६ करोड बराबर पुग्ने प्रक्षेपण गरिएको छ। त्यस्तै अन्तिम उपभोग खर्च (फाइनल कन्जम्सन एक्सेन्डिचर) जिडिपी अनुपातको ९३ दशमलव ५९ प्रतिशत बराबर रहने अनुमान गरिएको छ। त्यो रू ५० खर्ब ३६ अर्ब १५ करोड बराबर हो।

जिडिपी अनुपातमा नेपालको वस्तु तथा सेवा निर्यातको हिस्सा सात दशमलव १५ प्रतिशत बराबर छ। यसवर्ष रू तीन खर्ब ८५ अर्ब ११ करोड बराबरको वस्तु तथा सेवा निर्यात गरिने अनुमान गरिएको छ। जिडिपी अनुपातमा वस्तु तथा सेवाको आयात भने ३६ दशमलव पाँच प्रतिशत बराबर छ। नेपालले यस वर्ष रू १९ खर्ब ६४ अर्ब ३३ करोड बराबर आयात गर्ने ठानिएको छ।

त्यसैगरी चालु मूल्यमा राष्ट्रिय बचत (ग्रस नेसनल सेभिङ) कूल गार्हस्थ्य उत्पादनको ३१ दशमलव ६६ प्रतिशत बराबर छ। त्यस्तै जिडिपीमा विप्रेषणको अनुपात २२ दशमलव ८९ प्रतिशत बराबर हुने ठानिएको छ। चालु आवको जिडिपीमा सबैभन्दा बढी हिस्सा कृषि क्षेत्रको रहने अनुमान गरिएको छ। गत आवमा कृषि क्षेत्रले जिडिपीमा २४ दशमलव ६७ प्रतिशत बराबर हिस्सा ओगटेकामा यसवर्ष त्यो घटेर २४ दशमलव १२ प्रतिशत बराबर हुने प्रक्षेपण गरिएको छ।

तथ्याङ्क कार्यालयले चालु आवको पछिल्लो नौ महिना अवधिको तथ्याङ्क विश्लेषण गरेर वार्षिक अनुमान सार्वजनिक गरेको हो।

## *विवाह होइन्…*

पत्रमा आफ्नो हस्ताक्षर झुक्याएर गराइएको समेत दाबी पनि गरे।

यता करिश्माले २०७६ साल असोज २८ गते नै दुबैको अभिभावकको सहमति र उपस्थितिमा सप्तरीको भारदहस्थित कंकालिनी मन्दिरमा हिन्दु रिती रिवाज अनुसार विवाह सम्पन्न भएको र केही समयपछि माइतबाट दाइजो वापत ५० लाख रुँपैया लिएर आउन तथा बिराटनगरमा आफ्नो नाममा रहेको १ कठ्ठा जग्गा सासुको नाममा गराउन श्रीमान र ससुराली पक्षबाट निरन्तर दबाब र सोही निहुँमा शारीरिक र मानसिक यातना दिन थालेपछि न्यायका लागि अदालतको शरणमा पुगेको बताउँदै आएकी छिन्।

उनले डा. देवसँग टिकोटालोपछी विवाह पनि सम्पन्न भएको दाबी गर्दै पेश गरेको प्रमाणकै आधारमा अदालतले न्याय गरेको बताइन्। "अहिले आएर बिहे नगरेको र दाइजो नमागेको भन्नुको कुनै तुक र औचित्य छैन्, उनले भनिन्।

# बेरुजु बढ्नुको कारणसहित टिप्पणी फाइल पठाउन परिपत्र

काठमाडौँ, २० वैशाख (रासस)। सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले सबै जिल्लाका जिल्ला समन्वय प्रमुख र जिल्ला समन्वय अधिकारीलाई परिपत्र गर्दै सरकारी कार्यालयमा बेरुजु देखिनुको कारणसहित आगामी जेठ १५ गतेसम्ममा टिप्पणी फाइल पठाउन परिपत्र गरेको छ। बेरुजु फछ्र्यौटको कामलाई उच्च प्राथमिकतामा राख्न निर्देशनसहित मन्त्रालयले मङ्गलबार परिपत्र गरेको हो।

"महालेखा परीक्षकको कार्यालयबाट नियमित हुनुपर्ने भनी औँल्याइएको बेरुजुको सम्बन्धमा आवश्यक प्रमाण तथा कागजात जुटाई तथ्यपरक प्रतिक्रिया तयार गरी पुष्ट्याईसहित सक्कल टिप्पणी फाइल नियमित गर्न जेठ १५ गतेभित्र मन्त्रालयमा उपलब्ध गराउनुहोला", मन्त्रालयको परिपत्रमा भनिएको छ।

सरकारी कार्यालयको बेरुजु फछ्र्यौटको प्रतिशतलाई सम्बन्धित लेखा उत्तरदायी अधिकारी र उक्त कार्यालयमा काम गर्ने कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनका आधारका रूपमा लिइने कानुनी व्यवस्था छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ ले बेरुजु फछ्र्यौटका आधारमा कर्मचारीको कार्य सम्पादन मूल्याङ्कन हुने उल्लेख छ। मन्त्रालयले परिपत्रमार्फत सम्बन्धित लेखा उत्तरदायी अधिकारी र कर्मचारीलाई यो कानुनी व्यवस्थाबारे पनि स्मरण गराएको छ।

बेरुजु फछ्र्यौट गर्ने/गराउने कार्यलाई अभियानका रूपमा सञ्चालन गर्न पनि मन्त्रालयले निर्देशन दिएको छ। सरकारी कार्यालयमा रहेको बेरुजु असुलउपर गरी लेखापरीक्षकको कार्यालयबाट सम्परीक्षण गराउन पनि परिपत्रमार्फत निर्देशन दिइएको छ।

"महालेखा परीक्षकको कार्यालयबाट असुलउपर गर्नुपर्ने भनी औँल्याइएको बेरुजुको सम्बन्धमा तत्काल असुल उपर गर्न सम्बन्धित कर्मचारी, व्यक्ति, फर्म, संस्था, समूह, समिति वा अन्य निकायमा पत्राचार गरी सूचना पठाउने र असुरउपर गरी लेखा परीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुहोला", परिपत्रमा भनिएको छ, "पेस्की बेरुजुका रूपमा कायम भएको बेरुजुको सम्बन्धमा आवश्यक प्रमाण, कागजात बिल भरपाई आदि सङ्कलन गरी यथाशीघ्र पेस्की फछ्र्यौट गर्ने र महालेखा परीक्षकको कार्यालयबाट सम्परीक्षण गराउनुहोला।"

बीसवर्ष अघिको बेरुजु फछ्र्यौट व्यवस्थापनका लागि त्यसको विवरण कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालय पठाउन भनिएको छ। "आर्थिक वर्ष २०५९/६० सम्मको पुरानो बेरुजुको हकमा असुल उपर गर्नुपर्ने, सरकारी हानि–नोक्सानी र फछ्र्यौट भएको बाहेकको बेरुजु लगत कट्टाका लागि आवश्यक प्रक्रिया पूरा गरी लगत कट्टा गर्ने वा लगत कस्ने प्रयोजनका लागि कुमारी चोक तथा केन्द्रीय तहसिल कार्यालयमा पठाउन अनुरोध छ", मन्त्रालयको परिपत्रमा भनिएको छ।

# वैशाख २४ गते संसद् अधिवेशन आह्वान गर्न सिफारिस

काठमाडौँ, २० वैशाख (रासस)। सरकारले सङ्घीय संसद्को आगामी अधिवेशन यही वैशाख २४ गते आह्वान गर्न राष्ट्रपतिसमक्ष सिफारिस गर्ने निर्णय गरेको छ।

मन्त्रिपरिषद्को बुधबार बसेको बैठकले सो निर्णय गरेको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। यसैगरी बैठकले एसिसी क्रिकेट प्रतियोगितामा विजयी नेपाली क्रिकेट खेलाडी र मुख्य प्रशिक्षकलाई जनही रु छ लाख र अन्य टिम अफिसियललाई जनही रु तीन लाख प्रोत्साहनस्वरुप उपलब्ध गराउने निर्णय गरेको प्रधानमन्त्रीका प्रेस संयोजक सूर्यकिरण शर्माले जानकारी दिनुभयो।

कीर्तिपुरस्थित क्रिकेट मैदानलाई अन्तर्राष्ट्रियस्तरको मैदान बनाउन आगामी आर्थिक वर्षमा बजेट विनियोजन गरी निर्माण कार्य सम्पन्न गर्ने निर्णय पनि बैठकले गरेको छ। यसैगरी बैठकले कोशीटप्पु वन्यजन्तु आरक्ष स्थापना गर्दा विस्थापित भएकाहरूका सन्दर्भमा थप छानबिन गरी समस्या समाधान गर्न आयोग पुनर्गठन गरी तीन महिना म्याद थप गर्ने निर्णय गरेको छ।

विज्ञापन नियमन गर्ने ऐन, २०७६ मा भएको एकद्वार र समानुपातिक विज्ञापनका सम्बन्धमा आवश्यक प्रक्रिया पूरा गरी विज्ञापन नियमावली २०७७ संशोधन गर्ने निर्णय गरिएको छ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८९१८७

आगलागी हुन नदिन चनाखो बनौं ।
आगलागीबाट बच्न,
➢ खाना पकाई सकेपछि आगो, ग्याँस चुल्हो, स्टोभ वा हिटर निभाऔं।
➢ सिलिण्डरको रेगुलेटर, पाईप वा चुल्होबाट ग्यास लिक भए नभएको यकिन गरौं।
➢ ग्यासको गन्ध आए बेवास्ता नगरौं।
➢ सलाई, लाईटर बालबालिकाले भेट्टाउने ठाउँमा नराखौं।
➢ दाउरा बालेर खाना पकाईसकेपछि पानी छ्यापेर आगो निभाऔं।
➢ चुरोट, तमाखु, चिलिम, सुल्पा नखाऔं। खाएमा आगो राम्ररी निभाऔं।
➢ विजुलीका तार, प्लग, स्वीच वा वायरिङ ठीक अवस्थामा भए नभएको जाँच गरौं।
➢ घरवस्ती नजिकै पोखरी, टयाङ्की वा अरु कुनै तरिकाले पानीको जोहो गरिराखौं।
आगलागीजन्य विपद्बाट बच्न चनाखो बनौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


प्रकाशक : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), सम्पादक : अनिलकुमार अनल (९८४२८३४९१७), सहसम्पादक : दीपककुमार गुप्ता (९८४१५१३२९९), लेआउट : संजय शेखर,
मुद्रण : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), इमेल : *rajbirajdainik@gmail.com*, वेवसाइट : *rajbirajdainik.com.np*